प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# शिक्षालयमा उत्पादन इकाई सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७

शिक्षालय संचालक समितिको मिति २०७७/०६/०८ गते बसेको ९४ औं बैठकबाट पारित कार्यविधि।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

## शहीद कृष्णसेन इच्छुक बहुप्राविधिक शिक्षालय

## घोराही, दाङ

**प्रस्तावना**प्राविधिक शिक्षालयहरूमा उपलब्ध स्रोत र साधनहरूको अधिकतम प्रयोग गरी प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिमको पाठ्यक्रममा व्यवस्था भए अनुसार अध्ययनरत प्रशिक्षार्थीहरूलाई प्रयोगात्मक अभ्यास गराउदै कार्यस्थलको अनुभव दिलाउने र उद्यमशिलताको विकास गर्न समेत सहयोग हुने गरी वस्तु तथा सेवाको उत्पादन गरी आय आर्जनको अवसर सृजना गर्नतथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् शिक्षालय सञ्चालन सम्बन्धी विनियमावली, २०४९ को विनियम ३३ बमोजिम शिक्षालयले परामर्श सेवा प्रदान गर्न वा ठेक्का पट्टा लिन सक्ने व्यवस्था लाई कार्यान्वयन गराउन तथा **सिक, कमाउ र तिर(*Learn, Earn and Pay*)**को अवधारणा अनुसार कार्यक्रमहरूलाई व्यवस्थित ढंगले सञ्चालन गर्न बान्छनीय भएकोले, प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिपरिषद्कार्यालयले यो कार्यविधि बनाई लागू गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:**(१) यस कार्यविधिको नाम "शिक्षालयमा उत्पादन इकाईसञ्चालनतथा व्यवस्थापन कार्यविधि, २०७७"रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भहुनेछ।

२. **परिभाषा:**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "कर्मचारी"भन्नाले परिषद् सेवामा कार्यरत कर्मचारी भन्ने सम्झनु पर्छ। यसले परिषद् सेवाका प्रशासनिक एवं प्राविधिक कर्मचारीसमेतलाई जनाउँछ।

(ख) "प्रशिक्षक"भन्नाले शिक्षालयमा प्रशिक्षण कार्यमा संलग्न कर्मचारीलाई सम्झनु पर्छ।

(ग) "प्रशिक्षार्थी" भन्नाले प्राविधिक शिक्षालयमा अध्ययनरत प्राविधिक एसएलसी तह र डिप्लोमा तह अध्ययनरत विद्यार्थीतथा छोटो अवधिका तालिम कार्यक्रमकासहभागिहरूलाई सम्झनु पर्छ।

(घ) "उत्पादन इकाई"भन्नाले शिक्षालयमा स्थापना हुने वस्तु उत्पादन तथा सेवा प्रदान गर्ने कार्यमा संलग्न हुने इकाईलाई सम्झनु पर्छ।

(ङ) "व्यावसाय"भन्नाले शिक्षालयले सञ्चालन गरेका शैक्षिक कार्यक्रमको पाठ्यक्रमले तोके अनुसारका कार्यहरू सम्पादन गर्दा सृजना हुने आय आर्जनका माध्यम तथा स्रोतलाई सम्झनु पर्छ।

(च) "स्कीम"भन्नाले व्यावसाय सञ्चालन गर्नु अघि उत्पादन इकाई वा शिक्षालयले तयार गरी व्यवस्थापन समितिमा पेश गरेको व्यावसायिक योजनालाई सम्झनु पर्छ।

(छ) "लेखा कारोबार"भन्नाले शिक्षालयमा प्रचलित नियमानुसार राखे लेखा प्रणालीलाई जनाउने छ। "शिक्षालय" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्का आङ्गिक, साझेदारी, सामुदायि विद्यालयमा प्राविधिक शिक्षार निजी स्तरमा संचालन भएका शिक्षालयहरूलाई जनाउँछ।

(ज) "कोष" भन्नाले शिक्षालयले उत्पादन इकाईको नाममा स्थापना गरेको कोषलाई जनाउँछ। यो कोषमा शुरुका वर्ष शिक्षालयबाट निश्चित रकम जम्मा गरिनेछ। उक्त कोषमा जम्मा भएको रकममा घटाउन पाईने छैन।

(झ) "शिक्षालय"भन्नाले परिषद्बाट संचालित प्राविधिक तथा बहुप्राविधिक शिक्षालय र -तालिम केन्द्रलाई सम्झनु पर्छ र सो शब्दले परिषद् अन्तर्गत साझेदारी स्वरुपमा प्राविधिक शिक्षालय-संचालित प्राविधिक तथा बहु, सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम सञ्चालन गरेको सामुदायिक विद्यालय र (टेक्स)नीजी स्वरुपमा संचालन भएका संस्थाहरुलाई समेत जनाउदछ ।

(ञ) "परिषद् कार्यालय"भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् केन्द्रीय कार्यालय सम्झनु पर्छ ।

(ट) भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्द्वारा स्वीकृत "पाठ्यक्रम" भएको पाठ्क्रमलाई सम्झनु पर्छ ।

३. <u>उत्पादन इकाईको उद्देश्य</u> : उत्पादन इकाई गठनको उद्देश्य देहाय बमोजिम हुनेछन् :

(क) प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिमलाई उत्पादनसँग जोड्नु

(ख) प्रशिक्षार्थीहरूलाई कार्यस्थलको सिकाईसँग जोड्दै सम्बन्धित वस्तु तथा सेवा उत्पादन गर्न प्रेरित गर्नु

(ग) प्रशिक्षार्थीहरूलाई स्वरोजगार तथा उद्यमशिलवन्नमा अभिप्रेरित गर्नु

(घ) प्रयोगात्मक अभ्यासको क्रममा खेर जाने प्रशिक्षण सामाग्रीलाई न्यूनिकरण गरी काम लाग्ने वस्तु उत्पादनलाई बढवा दिनु

(ङ) प्रशिक्षार्थीहरूलाई बढी भन्दा बढी प्रयोगात्मक अभ्यास गराई बास्तविक कामको संसार (World of Work) सँग परिचित गराउनु

(च) प्रशिक्षार्थीहरूमा उद्यमशिलताको विकास गराउनु

(छ) स्थानिय बजारको आवश्यकता पहिचान गर्न र उपलब्ध स्रोत साधनको अधिकतम प्रयोग गरी माग अनुसार वस्तु तथा सेवा प्रदान गर्नसक्ने दक्षताको बिकास गर्न सक्षम बनाउनु

(ज) प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिमका कार्यक्रमहरूलाई उत्पादन सँग जोड्ने उद्देश्यले प्रशिक्षकहरूको प्रत्यक्ष अनुगमनमा प्रशिक्षाथीहरूले उत्पादन सँग सम्बन्धी कार्य गर्ने अवसर उपलब्ध गराउन

(झ) प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम अध्ययन गर्ने प्रशिक्षार्थीहरूले अध्ययनको क्रममा केहि आम्दानी गर्न सक्ने वातावरणको अवसर उपलब्ध गराउन

(ञ) शिक्षालय र उद्योग, व्यावसाय तथा श्रम बजारसँग सहसम्बन्ध (*Linkage*) स्थापना गर्न गराउन ।

४. <u>उत्पादन इकाईको गठन :</u>

(१) दफा ३ का उदेश्यहरु प्राप्त गर्न सो बमोजिमको कार्यलाई व्यवस्थीत रुपमा सञ्चालन तथा व्यवस्थापन गर्नका लागि शिक्षालयमा देहाय वमोजीमको एक उत्पादन इकाई गठन हुनेछ।

| | | |
|---|---|---|
| (क) | शिक्षालय उप-प्रमुख | संयोजक |
| (ख) | शिक्षालयमा संचालन भएका कार्यक्रमहरुका विभागिय प्रमुखहरु | सदस्य |
| (ग) | शिक्षालयको प्रशासन/लेखाप्रमुख | सदस्य-सचिव |

५. <u>सञ्चालन विधि:</u>

(१) उत्पादन इकाईले उत्पादनका क्षेत्र र सो को लागि आवश्यक पर्ने लगानी सहितको व्यावसायिक योजना वा स्किमतयार गर्नेछ।

(२) परियोजनालाई शिक्षालय व्यवस्थापन समिति समक्ष पेश गरिनेछ।

(३) शिक्षालय व्यवस्थापन समितिले औचित्यको आधारमा परियोजनालाई स्वीकृत गर्नेछ।

(४) शिक्षालय व्यवस्थापन समितिबाट स्वीकृत योजना वा स्किममा लगानीका लागि रकम उपलब्ध गराउने छ।

(५) प्रस्तावित योजनामा उल्लेख भए अनुसारका क्रियाकलाप सञ्चालन गर्न उक्त रकम खर्च गरिनेछ।

(६) उत्पादित वस्तु तथा सेवाहरूको उत्पादन गरी बिक्री पश्चात आउने मुनाफा उत्पादन कार्यमा संलग्न हुने कर्मचारी विच बाडीने छ।

(७) उत्पादितवस्तु तथा सेवाको बजार व्यबस्थापन उत्पादन इकाईबाट हुनेछ।

(८) शिक्षालयको नियमित पठन पाठन तथा दैनिक कार्यक्रममा कुनै बाधा अड्चन नपर्ने गरी उत्पादन इकाईका स्कीमहरु सञ्चालन गर्ने गरी व्यवस्था मिलाउनु पर्नेछ ।

६. <u>उत्पादन इकाई कोषः</u>

(१) हरेक शिक्षालयमा एउटा छुट्टै उत्पादन इकाई कोष हुनेछ सो कोषमा देहायका रकमहरू रहनेछन्।

क. शिक्षालयले आम्दानी गरेको रकम मध्ये निश्चित प्रतिशत रकम सञ्चालकसमितिको स्वीकृतिमा राख्ने रकम,

ख. परिषद् कार्यालय, नेपाल सरकार,प्रदेश सरकार र स्थानीय सरकारका साथै विकास साझेदार संस्थाहरुबाट यसै प्रयोजनका लागि तोकि निकाशा उपलब्ध गराएको रकम,

ग. उत्पादन ईकाइबाट भएको व्यावसायबाट आय आर्जनभएको मध्ये बचत रकमबाट शिक्षालयका प्रशिक्षार्थी तथा प्रशिक्षकहरुलाई वितरण गरी बाँकी रकम ।

(२) शिक्षालयबाट कुनै वाणिज्य बैङ्कमा खाता खोली आर्थिक कारोबार गर्न सकिनेछ।

(३) कोषको सञ्चालन शिक्षालय प्रमुख वा उत्पादन इकाईकोसंयोजकर उत्पादन ईकाइको सदस्य सचिवको संयुक्त दस्तखतमा सञ्चालन हुनेछ।

७. <u>लेखापालन र लेखापरीक्षणः</u>

(१) कोषको लेखा नेपाल सरकारको प्रचलित ढाँचा र तरिका बमोजिम राखिनेछ।

(२) कोषको आन्तरीक लेखा परीक्षण परिषद्को लेखा परीक्षण इकाई र अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ।

(३) परिषद् कार्यालयले जुनसुकै बखत यस सम्बन्धी कागजात र अरु नगदी जिन्सी समेत जाँच्न र जाच्न लगाउन सक्नेछ।

८. <u>उत्पादन इकाईको काम र कर्तव्य</u>

(१) स्वीकृत व्यावसायिक योजनाको कार्य योजना अनुसार उत्पादन गर्ने वस्तु तथा सेवाहरूको गुणस्तरको लागि महत्वपूर्ण भूमिका खेल्नु पर्नेछ।

(२) शिक्षालयबाट प्रदान गर्न सकिने वस्तु तथा सेवाहरुको पहिचान, अनुमानित लागत, गुणस्तर सहितको बिस्तृत व्यावसायिक योजना तयार गरी पेश गर्ने ।

(३) उत्पादन हुने वस्तु तथा सेवामा प्रयोग हुने सामाग्री तथा सेवा खरिदको स्पष्ट अभिलेख राख्ने।

(४) उत्पादनको लागि आवश्यक सामाग्री तथा सेवाहरू खरिदका लागि सिफारिस गरी स्वीकृत पश्चात खरिद गर्ने।

(५) उत्पादनमा कार्यमा प्रत्यक्ष रुपमा खटिने प्रशिक्षक कर्मचारी तथा प्रशिक्षार्थीको अभिलेख स्पष्ट राख्ने।

(६) उत्पादित बस्तुको बजार व्यबस्थापनमा कार्य योजना बनाई प्रशिक्षक तथा प्रशिक्षार्थीहरूलाई खटाउने।

(७) बजारमा के कस्ता बस्तु तथा सेवाहरूको माग छ सर्वेक्षण गर्ने।

(८) स्थानिय बजारको माग तथा उपभोक्ताको चाहना अनुसार उत्पादित वस्तु तथा सेवामा नवीन प्रविधिको प्रयोग गरि परिस्कृत उत्पादनमा जोड दिने ।

९. <u>खर्चको व्यवस्थापन</u>

(१) उत्पादन गरीने वस्तु तथा सेवाको लागि आवश्यक कच्चा पदार्थ र अन्य सामाग्रीहरूको अभिलेख अध्यावधि राख्ने।

(२) प्राविधिक शिक्षालयमा त्यसै खेर जान सक्नेबस्तुलाई बढी भन्दा बढी उपयोगमा ल्याईने ।

(३) प्राविधिक शिक्षालय पाईने बस्तुहरूको समेत मूल्यांकन गरी प्रयोग गर्ने।

(४) उत्पादनका लागि आवश्यक बस्तु तथा सेवा खरिद गर्दा सस्तो र गुणस्तरिय बस्तुखरिद गर्न पहल गर्ने।

(५) कोषको रकम उत्पादन र लगानी बाहेक अन्य शिर्षकमा खर्च गर्नपाईने छैन।

(६) उत्पादन इकाईमा प्रयोग भएका वस्तु तथा सेवाको छुटटै सहायक खाता राखी खर्च भएका बिल भरपाईहरूको अध्यावधिक अभिलेख राख्ने।

१०. <u>बजार व्यबस्थापन</u>

(१) शिक्षालयबाट उत्पादन भएका वस्तु तथा सेवाहरुलाई उत्पादन लागत र बजार मूल्यको आधारमा मूल्य निर्धारण हुनेछ।

(२) उत्पादित बस्तु तथा सेवाको पहिलो ग्राहक शिक्षालय भित्र रहने व्यक्ति, परिवार वा समुह हुनेछ।

(३) उत्पादित वस्तु तथा सेवालाई स्थानीय बजार र आवश्यकता अनुसार बजारको खोजी गरी बिक्री गरिने छ।

(४) शिक्षालय भित्र बिक्री गर्दा बजार मूल्यको भन्दा अधिकतम १०%कम बिक्री मूल्य कायम गरी बिक्री गर्न सकिनेछ।

(५) उत्पादित बस्तु बिक्रीको लागि यस प्रकारको प्राथमिकता दिईने छ।

क. शिक्षालयमा अध्ययनरत प्रशिक्षार्थी,शिक्षालयका कर्मचारी र शिक्षालय हाता भित्र रहेको क्यान्टिन,

ख. अभिभावक तथा स्थानीय समुदाय,

ग. स्थानीय बजारका पसल तथा हाट बजार,

घ. उद्योग व्यावसाय,

ङ. प्रर्दशनी वा शिक्षालयबाहिरराखिने स्टल,

च. उत्पादन इकाईले तोकिदिएको अन्य व्यक्ति, निकाय वा संस्था।

छ. कतिपय अवस्थामा वजारको माग अनुसार उत्पादन समेत गरिने छ ।

११. <u>मुनाफाको वितरण</u>

(१) कुनै एक वस्तु तथा सेवाको उत्पादनलाई एक परियोजना मानी हरेक परियोजनाको छुट्टा छुट्टै अभिलेख राखीनेछ।

(२) परियोजना समाप्त भए पछि परियोजनामा लगानी भएको रकम (खर्च) र उक्त परियोजनाबाट प्राप्त प्रतिफल (आम्दानी) लाई स्पष्ट देखिने गरी आय-व्यय विवरण तयार गरिनेछ।

(३) आय-व्यय विवरणले देखाएअनुसार उक्त कार्यक्रमबाट बचत हुन भएको रकमलाई मुनाफाको रुपमा लिंईने छ।

(४) उत्पादन इकाईमा प्रत्यक्ष खटिने प्रशिक्षक र प्रशिक्षार्थी मुनाफाको हकदार हुनेछन्।

(५) मुनाफाको रकम प्रशिक्षार्थी, प्रशिक्षक र शिक्षालय बीच देहाय अनुसार बाँडफाँड गरिने छ।

क. प्रशिक्षार्थी –४०%

ख. प्रशिक्षक –३०%

ग. शिक्षालय कोष –३०%

(६) कुनै पनि प्रशिक्षकले उत्पादन इकाईले दिएको जिम्मेवारी पूरा नगरेको खण्डमा उक्त प्रशिक्षकलाई मुनाफा वितरण गर्न उत्पादन इकाई बाध्य हुने छैन।

(७) प्रशिक्षार्थीलाई मुनाफा वितरण गर्दा उत्पादन इकाईमा संलग्न प्रशिक्षार्थीले उक्त काममा पुयाएको योगदानको आधारमा वितरण गरिनेछ।

१२. <u>विविधः</u>

(१) यस कार्यविधिको व्याख्या परिषद् कार्यालयले गर्नेछ।

(२) यो कार्यविधी स्वीकृत भएको मितिले एक महिनाभित्र बुदाँ नं. ४ बमोजिमको इकाई गठन गर्नु शिक्षालय प्रमुखको कर्तव्य हुनेछ।